# टोखा नगरपालिका


टोखा नगरपालिकाद्वारा प्रकाशित

## स्थानीय राजपत्र

खण्ड: ०९ | संख्या: ०३ | मिति: २०८२/०५/२२


टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धी कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सोही कार्यविधिको दफा ७ को अधिकार प्रयोग गरी टोखा नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित दफाहरु सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग २

### टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने सम्बन्धी कार्यविधि (दोश्रो संसोधन), २०८२

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने सम्बन्धी कार्यविधि (दोश्रो संसोधन), २०८२" रहेको छ।

(२) यो कार्यविधि तत्काल लागू हुनेछ।

२. **टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धी कार्यविधि, २०८० को दफा ३ मा संसोधन:** टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धी कार्यविधि, २०८० (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा ३ को उपदफा (२) मा रहेको ‘‘नपाएको वा पाउन योग्य नभएको हुनुपर्नेछ’’ भन्ने शब्दहरुको सट्टा ‘‘पाएको वा पाउन योग्य भएकोमा समेत सामाजिक सुरक्षा कोषमा समावेश गरी नियमित योगदान गर्न/गराउन कुनै बाधा पर्ने छैन’’ भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,

कमल भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति: २०८२/०५/२२